प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# जिल्ला वन पैदावार आपूर्ति समिति सुनसरी

कोशी प्रदेश, इनरुवा,नेपाल

## जिल्ला वन पैदावार आपूर्ति समिति सुनसरीको काठ माग निवेदन पेश गर्ने सम्बन्धी सूचना

**मिति २०८०।०१।२१**

सदस्य-सचिव

यस सुनसरी जिल्ला भित्रका उपभोक्ताहरुलाई जिल्ला वन पैदावार आपूर्ती समिति सुनसरीबाट सहुलियत दरमा साल/अन्य जातको काठ तथा दाउरा उपलब्ध गराउन जिल्ला वन पैदावार आपूर्ती समिति सुनसरीको बैठकको निर्णयानुसार मिति २०८० बैशाख २१ गते देखि २०७९जेष्ठ ०४ गते सम्म (१५ दिन) सार्वजनिक बिदाका दिन बाहेक कार्यालय खुलेको दिन कार्यालय समय भित्र सेवा ग्राहीबाट नयां निवदेन लिने निर्णय भएको हुदाँ ईच्छुक सरोकारवाला सबैलाई निम्नानुसार तोकीएका कागजातहरु संलग्न राखि जिल्ला वन पैदावार आपूर्ती समिति सुनसरीमा निवेदन पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल</u>**

**क) निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु:**

| सि .नं. | प्रयोजन | पेश गर्नु पर्ने **कागजातहरु** |
|---|---|---|
| १. | प्राकृतिक प्रकोप, आगलागि लगायतमा परेका परिवारको घर /गोठ निर्माण तथा पुन निर्माण | १. निवेदन<br>२. जिल्ला विपद व्यवस्थापन समिति सुनसरी वा जिल्ला प्रशासन कार्यालय सुनसरीको सिफारिस पत्र<br>३. सम्बन्धीत वडा कार्यालयको सिफारिस<br>४. प्रहरी सर्जमिन मुचुल्का<br>५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>६. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि<br>७. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि |
| २. | नयाँ पक्की घर निर्माण | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि<br>४. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि<br>५. नगरपालिकामा भए घरको प्रमाणित नक्साको प्रतिलिपि<br>६. नगरपालिका तर्फको पक्की घर भए निर्माण इजाजत प्राप्त भएको मितिले दुई वर्ष ननाघेको इजाजत पत्रको प्रतिलिपि<br>७. गाउँपालिका तर्फको पक्की घर भए घरको प्रमाणित नक्साको प्रतिलिपि<br>८. गाउँपालिका तर्फको पक्की घर भए निर्माण इजाजत प्राप्त भएको मितीले २ वर्ष ननाघेको इजाजत पत्रको प्रतिलिपि<br>९. सम्बन्धीत वडा कार्यालयको सिफारीस<br>१०. घर निर्माण गर्दै गरेको प्रष्ट देखिने फोटोहरु |
| ३. | नयां कच्ची घर निर्माण | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि<br>४. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि<br>५. स्थानीय तहको सिफारिस<br>६. घर निर्माण गर्दै गरेको प्रष्ट देखिने फोटोहरु |

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# जिल्ला वन पैदावार आपूर्ति समिति सुनसरी

कोशी प्रदेश, इनरुवा,नेपाल

## जिल्ला वन पैदावर आपूर्ति समिति सुनसरीको काठ माग निवेदन पेश गर्ने सम्बन्धी सूचना

मिति २०८०।०१।२१

सदस्य-सचिव

| | | |
|---|---|---|
| ४. | घर मर्मत | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि<br>४. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि<br>५. नगरपालिका/गाउँपालिकामा भएको घर मर्मतको हकमा ५ वर्ष पुरा भएको घर निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि<br>६.सम्बन्धित स्थानीय तहको सिफारिस |
| ५. | जनसहभागितामा गरिने विकास निर्माण तथा पुरातात्विक सम्पदाको पुन: निर्माण | १. निवेदन<br>२. स्वीकृत लागत इष्टिमेट<br>३. आयोजना संचालन गर्ने माथिल्लो निकायको सिफारिस<br>४. सम्बन्धित सरकारी कार्यालयको सिफारिस<br>५. संस्थाको निर्णय<br>६. सहभागितामूलक विकास निर्माण हो होईन भनी यकीन हुने प्रमाण<br>७. सम्बन्धित इन्जिनियरबाट प्रमाणित आयोजनामा प्रयोग हुने एकिन काठको परिमाण |
| ६. | शितलहर, साँस्कृतिक तथा धार्मिक प्रयोजनको लागि दाउरा | १. निवेदन<br>२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>३. स्थानीय तहको सिफारिस<br>४. जिल्ला प्रशासन कार्यालय सुनसरीको सिफारिस |

ख) निर्माण गरिने घर/भवन सम्म पुग्ने बाटोको स्केच नक्सा र निर्माण सुरु गरेको फोटो अनिवार्य पेश गर्नुपर्नेछ।
ग) निवेदनमा आफ्नो मोबाईल नम्बर अनिवार्य उल्लेख गर्नुपर्नेछ।
घ) यस समितिबाट खरिद गरिएको काठ यस जिल्ला भित्र स्वीकृत भएको स्थानमा मात्र प्रयोग गर्न सकिनेछ।
ङ) यस सूचना अवधि पश्चात गत विगत आ. व. का निवेदन र कागजातहरु उपर कारवाही गरिने छैन।
च) निवेदन दर्ता भए पश्चात निवेदनमा पुन: जाँच गर्दा कुनै कागजातहरु अपुग भेटिएमा सो को काम कारबाही गरिनेछैन।
छ) नयाँ घर/ भवन निर्माणको हकमा घर निर्माण इजाजत प्राप्त भएको २ (दुई) वर्ष ननाघेको हुनुपर्नेछ।
ज) पुरानो घर मर्मतको हकमा घर निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि अनुसार घर निर्माण गरेको ५ वर्ष पुरा भएको हुनुपर्नेछ।

सम्पर्क नं ९८६०६३७३८७ र ९८५२०५९५२१

प्रदेश सरकार
उद्योग, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरी
कोशी प्रदेश, इनरुवा, नेपाल

मिति: २०८०।   ।

श्रीमान सदस्य सचिव ज्यू
जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरी

**विषय: काठ उपलब्ध गराइ पाउँ भन्ने बारे।**

प्रस्तुत विषयमा मेरो नाममा दर्ता रहेको तपसिलको जग्गामा बनेको घर आगालगी भइ पुन:निर्माण/ नया कच्ची घर निर्माण/ नयाँ पक्की घर निर्माण/ घर मर्मत/ जनसहभागितामा आधारित बिकास निर्माण प्रयोजनका लागि काठ आवश्यक भएकाले तहाँ समितिबाट सहुलियत दरमा नियमानुसार काठ उपलब्ध गराईदिनुहुन रु १० को टिकट टाँसी आवश्यक कागजातहरु यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु। समितिबाट निवेदन स्वीकृत भई तोकिएको समय भित्र काठ उठाई लान सकिन भने मैले पुन: दावी गर्ने छैन। आपूर्ति समितिबाट प्राप्त हुने काठ तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नेछु। अन्यथा भएमा कानून बमोजिम सहुँला बुझाउँला।

**तपसिल**

घर बनाउने जग्गाको कित्ता नम्बर:
घर बनाउने जग्गाको ठेगाना:
*संलग्न कागजातहरु:*

निवेदक
नाम:
ठेगाना:
फोन नम्बर: